# निर्यात वार्षिक २० प्रतिशतले बढ्नुपर्छ



डा. रत्नाकर अधिकारी
व्यापारविज्ञ

७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्नका लागि निर्यातलाई प्रत्येक वर्ष २० प्रतिशतको दरमा डलर मूल्यमा वृद्धि गर्नुपर्छ। यसका लागि दीर्घकालीन योजनाको आवश्यकता छ। निर्यातमा विभिन्न मुलुकमा बाधाअड्चन छन्। यसको अन्त्यका लागि द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय फोरममा वार्ताको माध्यमबाट उपयोग गरी हल गर्नुपर्छ। निर्यात बढ्नुको सोझो सम्बन्ध उत्पादन वृद्धिसँग हुन्छ। यसो भयो भने नयाँ रोजगारीको अवसर पनि सृजना हुन्छ। नयाँ रोजगारीले गरीबी निवारण पनि गर्न सकिन्छ। त्यसैगरी अर्को समस्या भनेको आपूर्ति पक्ष पनि हो। खासगरी बिजुली बाटोघाटोको राम्रो सुविधा छैन। दक्ष जनशक्तिलाई मुलुकमै रोक्न सकिएको छैन। कामदारले अनावश्यक माग राखी हड्ताल गर्दा पनि औद्योगिक उत्पादनमा कमी आउँछ। त्यसैले सरकारले एकातिर औद्योगिक कामदारलाई अनुशासित बनाउन आवश्यक कदम चाल्नुपर्छ भने अर्कोतिर आवश्यक पूर्वाधारको विकास गर्नुपर्छ। त्यस्तै आर्थिक विकासको अर्को महत्त्वपूर्ण अङ्ग भनेको विशेष आर्थिक क्षेत्रको विकास हो। तर घोषणा भए पनि यसको विकास हुन सकेको छैन। त्यसैले विशेष आर्थिक क्षेत्रको विकास गर्न सरकार गम्भीरताका साथ लाग्नुपर्ने देखिन्छ। अहिले आयात र निर्यातबीच ठूलो अन्तर छ। आयात र निर्यातलाई सन्तुलनमा राख्नु जरुरी छ।

निर्यात प्रोत्साहन गर्न निर्यात व्यवसायीलाई २ देखि ४ प्रतिशत अनुदान दिने नीति सरकारले लिएको छ। तर, झन्झटिलो प्रक्रियाका कारण व्यवसायीले अनुदान पाउन सकेका छैनन्। त्यसैगरी ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न विदेशी लगानी पनि भित्र्याउनुपर्छ। विदेशी लगानी आकर्षित गर्नका लागि सबभन्दा पहिला लगानीमैत्री वातावरण हुन अति जरुरी छ। चालु आर्थिक वर्षमा रु. १० अर्बको विदेशी लगानी भित्रने प्रतिबद्धता आएको छ। ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्नका लागि अहिले प्रतिबद्धता भएको रकमको ५० प्रतिशत लगानी १० वर्षसम्म उत्पादनमूलक क्षेत्रमा हुनुपर्छ। यसो भए सहजै ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सकिन्छ।